270

राष्ट्रिय सूचना आयोग २०६५

# राष्ट्रिय सूचना आयोग
## प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
## सूचना आयुक्त किरण कुमार पोखरेल
## सूचना आयुक्त यशोदादेवी तिम्सिना
## आदेश

मु.नं. १४३

जिल्ला वारा गंज भवानीपुर गा.वि.स वडा नं. २ वस्ने शिवशंकर मिश्र ..........................१ पुनरावेदक

**विरूद्ध**

प्रधानाध्यापक, भोला उच्च मा.वि. गंज भवानीपुर वारा ..........................................१ विपक्षी

**विषय :- सूचना उपलब्ध गराई पाउँ ।**

जिल्ला वारा गंज भवानीपुर गा.वि.स वडा नं. २ वस्ने शिवशंकर मिश्रले भोला उच्च मा.वि. गंज भवानीपुर वाराका प्रधानाध्यापकले सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोगमा गरेको पुनरावेदनका सम्बन्धमा यस आयोगबाट मिति २०६९।१०।२५ मा आदेश भई उक्त आदेश कार्यान्वयन गर्न भनी भोला उच्च मा.वि. गंज भवानीपुर वाराका प्रधानाध्यापकलाई लेखि पठाएकोमा यस आयोगको उक्त आदेश कार्यान्वयन नभएको भनी पुनः पुनरावेदकबाट आयोगमा उजुरी गरेको समेत फाइल संलग्न कागजातबाट देखिन्छ । उक्त उजुरी पश्चात यस आयोगबाट पुनः मिति २०७०।०५।२५ मा आदेश भई सो आदेश कार्यान्वयनका लागि मिति २०७०।०५।२४ च.नं. १७३ को पत्रबाट पठाइएको र पुनः मिति २०७०।१२।२४ मा च.नं. ७९७ को पत्रबाट आदेश कार्यान्वयनको ताकेता समेत गरिएको देखिन्छ । उक्त ताकेता पश्चात पुनरावेदकले सूचना पाए नपाएको सम्बन्धमा कुनै पनि जानकारी प्राप्त हुन नआएको र यस लामो अवधिसम्म पनि सूचना पाइन भनी पुनरावेदक स्वयंले पनि कुनै निवेदन/उजुरी गरेको नदेखिएको हुँदा पछि पुनरावेदकले सूचना पाइन भनी निवेदन गरेका बखत कारवाही प्रक्रिया अगाडि वढाउने गरी हाललाई प्रस्तुत पुनरावेदन तामेलीमा राखिएको छ । प्रस्तुत पुनरावेदनको लगत कट्टा गरी पुनरावेदकलाई जानकारी दिनू ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरण कुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७२ साल वैशाख २५ गते रोज ६ शुभम् ।